८१० - ५२२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५१५/२०७२/०७३
निर्णय नं. ५२२

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ...............................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), त्रियुगा नगरपालिका कार्यालय,उदयपुर,गाईघाट ...........१ विपक्षी
सूचना अधिकारी, त्रियुगा नगरपालिका कार्यालय, उदयपुर,गाईघाट ............. ................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले त्रियुगा नगरपालिका कार्यालय उदयपुर,गाईघाट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम त्रियुगा नगरपालिका कार्यालय, उदयपुर,गाईघाटलाई मिति २०७२।०७।२९, च.नं. ५४१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी पठाएको । प्रस्तुत सम्बन्धमा उक्त नगरपालिकाको मिति २०७२।०८।०७, च.नं. ३१२४, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत जानकारी गराएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

इति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।